मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ३२६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ कात्तिक १ गते मंगलबार (Tuesday, October 18. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## आज सार्वजनिक बिदा

**काठमाडौं, असोज ३१।** सरकारले शताब्दीपुरुष सत्यमोहन जोशीको निधनको शोकमा १ कात्तिकमा सार्वजनिक बिदा दिएको छ ।

गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले सोमबार एक विज्ञप्ति जारी गरी १ कात्तिक मंगलबार देशभर सार्वजनिक बिदा दिने निर्णय भएको जानकारी दिए । शताव्दी पुरुष जोशीको १०३ वर्षको उमेरमा आइतबार विहान निधन भएको थियो ।

उनको निधनको शोकमा देशभरका सरकारी कार्यालय, सार्वजनिक संघ-संस्था र विदेशस्थित

*(बाँकी अन्तिम पृष्ठमा)*




# चुनाव प्रचार कात्तिक १८देखि मात्र

**काठमाडौँ, असोज ३१।** आगामी मंसीर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन हुने १७ दिन अगाडि (कात्तिक १८) मात्रै राजनीतिक दल र उम्मेदवारले आमसभा, कोणसभा, गोष्ठी, सम्मेलनजस्ता प्रचारप्रसारका कार्यक्रमका गर्न पाउने भएका छन् ।

सो अवधिसम्म तामझाम नगरी २५ जनासम्म लिएर उम्मेदवारले मतदाताको घरदैलोमा प्रचारप्रसारका लागि जान पाउनेछन् । निर्वाचनलाई भड्किलो नबनाउन र मर्यादित रुपमा प्रचारप्रसार गराउन आयोगले राजनीतिक दलको छलफलका आधारमा निर्वाचन आचारसंहिता-२०७९मा यस्तो व्यवस्था गरेको हो ।

आयोगले कडाइका साथ निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न सबै जिल्लामा निर्वाचन आचारसंहिता अनुगमन अधिकृत (कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख) नेतृत्वको समितिलाई निर्वाचन आचारसंहिताको दफा १३ को उपदफा (२) मा सो दफाको उपदफा (१) को खण्ड (ज) विपरीत कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राखेमा सम्बन्धित निर्वाचन क्षेत्रको सम्बन्धित उम्मेदवारले राखेको मानी कारबाही गर्ने स्पष्ट व्यवस्था भएको स्मरण गराएको छ ।

आयोगले निर्वाचन आचारसंहिता विपरीत कार्य गर्ने सरकारी कर्मचारी, प्राध्यापक, शिक्षक तथा अन्य सम्बद्ध व्यक्तिलाई तत्काल विभागीय कारबाही गर्न सम्बन्धित कार्यालयका प्रमुखलाई निर्देशन दिइसकेको छ । उम्मेदवार तथा राजनीतिक दलले निर्वाचनमा खर्च गर्दा आयोगले तोकेको सीमाभित्र रही खर्च गरे/नगरेको र निर्वाचन आचारसंहिता पालना भए/नभएको सम्बन्धमा तल्लो तहबाट नै निगरानी गर्नुपर्ने भएकोले उम्मेदवार तथा राजनीतिक दलले गरेको खर्च तथा आचारसंहिता पालनाको सम्बन्धमा गहन तथा सूक्ष्म रुपमा अध्ययन तथा निगरानी गरी निर्वाचन आचारसंहिता-२०७९को दफा ४२ बमोजिम आयोगमा विवरण उपलब्ध गराउन गृह मन्त्रालयमार्फत नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलाई लेखी पठाएको छ ।

निर्वाचन आचारसंहिता-२०७९को केन्द्रीय अनुगमन समितिका संयोजकसमेत रहेका निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आचारसंहिताको उल्लंघन गरेको पाइए कडा कारबाही गरिने जनाउँदै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवम भयरहीत बनाउन कडाइका साथ निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न र गराउन सम्बन्धित पक्षलाई निर्देशन दिइएको र उल्लंघनका घटना र उजुरीका आधारमा कारबाही प्रारम्भ भएको स्पष्ट गरे ।

आयोगले आचारसंहिताको उल्लंघनलाई स्थलमै कारबाही गर्न केन्द्रीय र जिल्लास्थित आचारसंहिता अनुगमन समिति र अनुगन अधिकृतलाई निर्देशन दिइसकेको छ । आयुक्त भण्डारीले राजनीतिक दल तथा उम्मेदवारबाट हुनसक्ने निर्वाचन आचारसंहिता उल्लंघन तथा निर्वाचन खर्चका सम्बन्धमा आफ्ना स्थानीय संरचना परिचालन गरी सूक्ष्म अनुगमन गर्न र सोको विवरण आयोगमा उपलब्ध गराउन नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई निर्देशन दिएको बताए ।

आचारसंहिता तथा निर्वाचन (कसुर र सजाय) ऐन-२०७३ विपरीत त्यस्तो प्रचार सामग्री राखिएको, भित्ते लेखन गरिएको, तुल ब्यानर टाँगिएको, डिजिटल डिस्प्ले गरिएको, पर्चा टाँसिएको अवस्थामा सम्बन्धित उम्मेदवारलाई स्पष्टीकरण सोधी चौबीस घण्टाभित्र त्यस्तो सामग्री हटाउन वा त्यस्तो स्थान दुरुस्त गर्न

*(बाँकी अन्तिम पृष्ठमा)*

## गठबन्धनको भावी प्रधानमन्त्री को ?

**काठमाडौं, असोज ३१।** आगामी मंसीर ४ गते हुने निर्वाचनमा सत्ताधारी गठबन्धनले चुनावपछि बहुमत ल्याउने दाबी गरिरहे पनि सरकारको नेतृत्व कुन दलका नेताले गर्छन् भन्नेबारे खुलाएको छैन ।

अहिले सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेस र गठबन्धनको दोस्रो ठूलो साझेदार दल नेकपा माओवादी केन्द्र दुवै दलका नेताहरूले निर्वाचनमा गठबन्धनको बहुमत आए सरकारको नेतृत्वमा आफ्नो दाबी हुने सङ्केत गरेका छन् ।

एक महिनापछि हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको परिणामबारे अहिले नै आँकलन गर्ने आधार



नभए पनि सत्ताधारी गठबन्धनले बहुमत ल्याएमा प्रमुख दुई दलबीच सरकारको नेतृत्वको विषय पेचिलो बन्न सक्ने ठानिएको छ ।

प्रमुख प्रतिपक्षी नेकपा एमालेले पनि केही दलसँग चुनावी तालमेल गरेको छ । तर विपक्षी दलका नेताहरूले पनि आगामी सरकारको नेतृत्वबारे निर्वाचनअघि सार्वजनिक चर्चा गरेको पाइएको छैन ।

**माधव नेपालले कोट्याए प्रधानमन्त्रीको प्रसंग**

गठबन्धनमा सहभागी दलहरूले शनिवार काठमाडौं क्षेत्र नम्बर-२ को काँडाघारीमा आयोजना गरेको कार्यकर्ता भेलामा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले गठबन्धनबाट प्रधानमन्त्रीका दाबेदारबारे प्रसङ्ग निकालेका थिए ।

देशमा देखापर्न सक्ने समस्या समाधानका लागि गठबन्धनले पहल गर्ने आश्वासन दिँदै नेपालले सरकारको नेतृत्वबारे कुरा उठाए पनि त्यसबारे धेरै चर्चा गरेनन् । वर्तमानका त प्रधानमन्त्री हुँदै हुनुहुन्छ, भविष्यका पनि प्रधानमन्त्रीहरू यहीँ छन्- मञ्चमा बसिरहेका प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डतर्फ फर्किएर नेपालले भने ।

नेपालले भने जस्तै चुनावमा बहुमत आए देउवा र दाहालले आलोपालो सरकारको नेतृत्व

*(बाँकी अन्तिम पृष्ठमा)*

## डेंगुबाट ४८ जनाको मृत्यु

**काठमाडौं, असोज ३१।** हालसम्म डेङ्गुबाट ४८ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत साउनदेखि हालसम्म ४० हजार २९ जना डेङ्गु सङ्क्रमित भएका छन् । मन्त्रालयका अनुसार ७७ जिल्लामा डेङ्गु फैलिएको छ । पछिल्लो २४ घण्टामा ४६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । दुई हजार दुई सय ८७ नमूना परीक्षण गर्दा सो संख्यामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

कोरोना सङ्क्रमितको कुल संख्या १० लाख एक सय ९१ पुगेको छ । सोमवार १७ जना कोरोना सङ्क्रमणमुक्त भएको मन्त्रालयको तथ्याङ्क छ ।

अहिलेसम्म नौ लाख ८७ हजार चार सय ६१ जना सङ्क्रमण मुक्त भएका छन् । सक्रिय सङ्क्रमितको संख्या सात सय ११ छ । हालसम्म कोरोना सङ्क्रमणबाट १२ हजार १८ जनाले ज्यान गुमाएका छन् ।

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,
दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र
अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।
*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।*

**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**

**ADMISSION OPEN**

२०७९ सालको कक्षा १२ को परीक्षामा सफल हुने सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना ।

**FOR BBS BACHELOR OF BUSINESS STUDIES**

प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकाय अन्तर्गत शैक्षिक वर्ष २०७९/०८० का लागि स्नातक तह प्रथम वर्ष (बि.बि.एस.) मा नयाँ भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरूमा जानकारी गराइन्छ ।

■ विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।

**PROVIDENCE COLLEGE OF MANAGEMENT**
BIRTAMODE-1, JHAPA
For more info 023-540195/540443/542820
www.facebook.com/balmikiprovidence



# झापामा प्रहरी दिवस



**झापा, असोज ३१।** जिल्ला प्रहरी कार्यालय झापाले ६७औं प्रहरी दिवस मनाएको छ।

प्रमुख जिल्ला अधिकारी छबिलाल रिजालको प्रमुख आतिथ्य तथा प्रहरी उपरीक्षक विश्वमणि पोखरेलको सभापतित्वमा आयोजित कार्यक्रमकाबीच सोमवार यो दिवस मनाइएको हो।

कार्यक्रममा झापाका जिल्ला न्यायाधीवक्ता प्रकाश गौतम, नेपाल रेडक्रस सोसाइटी, झापाका सभापति लोकराज ढकाल, महिला अधिकारकर्मी रेखा अधिकारी लगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रममा पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी लगायतको आतिथ्य रहेको थियो।

प्रहरी नायव उपरीक्षक बसन्त पाठकले स्वागत सहित प्रहरी महानिरीक्षकको शुभकामना सन्देश वाचन गरेको कार्यक्रममा अमर प्रहरीहरुप्रति श्रदाञ्जली अर्पण गर्दै अमर प्रहरी परिवारका सदस्यहरुलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो।

## कात्तिक ९ गते भाइटीका गर्ने तलेजुको निर्णय

**काठमाडौं, असोज ३१।** यस वर्षको तिहार कति गतेदेखि मनाउने भन्ने अन्यौल रहेको अवस्थामा भक्तपुर तलेजुले कात्तिक ७ देखि तीन दिन तिहार मनाउन आग्रह गरेको छ।

तिहारका बारेमा जनमानसमा अन्योल र भ्रम पैदा भएको भन्दै सोमवार तलेजुका मूल गुरु, पुजारीसहितले तिहारको शुभसाइत निर्क्यौल गर्दै कात्तिक ७, ८ र ९ गते तिहार मनाउन आग्रह गरेको हो।

भक्तपुर तलेजुका मूल पुजारी नरेन्द्रप्रसाद जोशीले भने- तिहार कहिले मनाउने भन्नेबारेमा विवाद रहेको पाइयो, त्यसैले तलेजुले साइत निकालेको छ, अब विवाद गर्नुपर्दैन, कात्तिक ७ गते लक्ष्मी पूजा, ८ गते म्ह पूजा (गोवर्द्धन पूजा) र ९ गते किजा पूजा अर्थात् भाइटीका गर्ने तलेजुले निर्णय गरेको छ, सोही अनुसार गर्नुहुन सबैमा आग्रह गर्दछौं।

यस वर्ष कसैले ८, ९ र १० गते तिहार मनाउने र कसैले ७, ८, ९ र १० गते तिहार मनाउने भन्दै विवाद भएको थियो। नेपाल पञ्चाङ्ग निर्णायक समितिले क्यालेन्डर बनाउँदा सरोकारवाला निकायसँग छलफल नगरी निर्णय गर्दा केही वर्षयता यस्ता विवाद आइरहेको भन्दै जोशीले भने- पञ्चाङ्ग निर्णायक समितिले चाडपर्व, संस्कृतिको निर्णय गर्दा सरोकारवालालाई पनि राखेर निर्णय गर्न छाडेको छ, त्यसैले केही वर्षयता यस्ता समस्या आएका छन्, यसतर्फ समितिले ध्यान दिनुपर्छ।

# बजेट तथा नीति पुस्तिका सार्वजनिक

**झापा, असोज ३१।** झापाको बिर्तामोड नगरपालिकाको कार्यालयले आर्थिक बर्ष २०७९/०८०का लागि बनाइएको नीति, बजेट तथा कार्यक्रम सम्मिलित पुस्तक सार्वजनिक गरेको छ।

नगरपालिकाको सभाहलमा सोमबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा नगरप्रमुख पवित्रा महतारा प्रसाईं, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, प्रमुख प्रशासकीय अधिकृत बिनोद न्यौपानेलगायत अन्य जनप्रतिनिधिहरू संयुक्त रुपमा पुस्तक सार्वजनिक गरेका हुन्।

प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै जाँदा निर्वाचन आयोगले ठूला कार्यक्रम गर्न बञ्चित गराएकाले पत्रकार सम्मेलनमार्फत पुस्तक सार्वजनिक गरिएको नगरपालिकाकी प्रमुख प्रसाईंले बताइन्।

उनले पुस्तकमा रहेका नीति, बजेट तथा कार्यक्रम पालनाका निम्ति



नगरपालिकाको तर्फबाट प्रतिवद्धता व्यक्त गरिन्। नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले राजनीतिक दलका प्रतिनिधिहरूको संलग्नता हुन पाउँदा अझ कार्यक्रमको प्रभावकारिता बढ्ने भए पनि निर्वाचन आचारसंहिताका कारण खुम्चिनु परेको बताए। प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले नीति तथा बजेट निर्माणमा सकारात्मक भूमिका खेल्ने सबैलाई धन्यवाद दिए।

# हचुमासा सामुदायिक वनको २६औं सभा

**अर्जुनधारा, असोज ३१।** झापाको अर्जुनधारा-१स्थित हचुमासा सामुदायिक वन उपभोक्ता समूहको २६औं वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ।

समूहको कार्यालय प्राङ्गणमा समूहका अध्यक्ष चन्द्रप्रसाद प्रसाईंको अध्यक्षतामा आयोजित उक्त सभाको उद्घाटन प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङले गरेका थिए।

सभामा अध्यक्ष प्रसाईंले संस्थाको वार्षिक प्रगति प्रतिवेदन र सहसचिव देउकुमार नेम्वाङ विकासले गत आर्थिक वर्ष ०७८/०७९को महालेखा परीक्षण प्रतिवेदन र चालू आर्थिक वर्ष ०७९/०८०को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए।



संस्थाले गतआर्थिक वर्षमा ६६ लाख ३६ हजार दुई सय चार रुपैयाँ ४० पैसा बराबरको आर्थिक कारोबार गरेको प्रस्तुत प्रतिवेदनमा उल्लेख छ। जसअनुसार प्रशासनिक खर्चमा आठ लाख ९८ हजार छ सय ८२ रुपैयाँ, वन विकास खर्चमा पाँच लाख ३५ हजार एक सय ७५ रुपैयाँ, सामाजिक विकास खर्चमा दुई लाख ४२ हजार पाँच सय ४७ रुपैयाँ, लकडी कटान मुछान, पाइलीङ चिरानी र संकलन खर्चमा १७ लाख ७६ हजार तीन सय ५५ रुपैयाँ, दायित्व भुक्तानीमा २७ लाख २७ हजार छ रुपैयाँ र अन्य खर्चमा ५८ हजार ८२ रुपैयाँ उल्लेख गरिएको छ।

त्यसैगरी तीन लाख ९८ हजार तीन सय ५६ रुपैयाँ चार पैसा बचत गरेको संस्थाले चालू आर्थिक वर्षको लागि अनुमानित एक करोड १९ लाख ४६ हजार चार सय ७६ रुपैयाँ ९५ पैसा बराबरको नीति तथा कार्यक्रम सभामा पेश गरेको थियो।

सोही कार्यक्रममा समूहका संस्थापक अध्यक्ष प्रेम खत्री, समूह अन्तर्गत रहेको ३० वटा टोलमध्ये उत्कृष्ट हुने टोल नं. २२, उत्कृष्ट कर्मचारी वन हेरालु टीका एक्तेन र समूहको उपभोक्ता क्षेत्रभित्रका व्यावसायिक तरकारी खेती गर्दै आएका युवराज कार्कीलाई उत्कृष्ट कृषक सम्मानबाट सम्मानित गरिएको थियो। संस्थापक अध्यक्ष खत्रीलाई नगद २० हजार पाँच सय रुपैयाँ र अन्य सम्मानित व्यक्तित्वहरुलाई जनही तीन हजार रुपैयाँसहित सम्मान-पत्र प्रदान गरिएको थियो।

कार्यक्रममा वडाध्यक्ष उपेन्द्र बस्नेत, कनकाई सबडिभिजन वन कार्यालय सुरुङ्गाका प्रमुख सुरेश खनाल, सिंहदेवी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुलाल ढकाल, शंकराचार्यपीठ साधुटारका अध्यक्ष लक्ष्मीप्रसाद खतिवडा, संस्थाका सल्लाहकार वीजेन्द्रकुमार एक्तेन, टोल नं. ३०का संयोजक बालकृष्ण खतिवडालगायतले शुभकामना मन्तव्य राखेका थिए।

समूहका उपाध्यक्ष सन्तबहादुर मगरले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सचिव प्रभा नेपाल र सहसचिव नेम्वाङले गरेका थिए।

# युवा कृषि पेशामा, बजारीकरणमा समस्या

**इलाम, असोज ३१।** व्यावसायिक बङ्गुरपालनमा लागेका युवा दिनेश महतको फार्ममा हाल तीन सयभन्दा बढी बङ्गुर छन्।

वि.सं. २०७५देखि व्यावसायिक बङ्गुरपालन गर्दै आएका महतका फार्ममा उन्नत जातका बङ्गुर रहेका छन्। आधुनिक तरिकाबाट गरिएको बङ्गुरपालनबाट बङ्गुरको सङ्ख्या हाल वृद्धि भएर तीन सय पुगेको बताइएको छ।

कुखुरा र कुखुराका दाना र भेटनरी सञ्चालन गर्दै आएका दिनेश कुखुरासँगै बङ्गुरपालनमा लागेका हुन्। पछिल्लो समय महत जस्तै पशु तथा कृषि पेशामासमेत युवाको आकर्षण बढ्न थालेको छ। केही बाखापालन त केही च्याउ तथा अन्य कृषिजन्य वस्तुको उत्पादनमा लागेका छन्।

महतको फार्ममा बङ्गुरको हेरचाहका लागि दुई परिवारलाई रोजगारी दिइएको छ। माँ दुर्गा एग्रीकल्चर एण्ड रिसर्च सेन्टरको नामबाट फार्म दर्ता गरेर व्यावसायिक बङ्गुरपालन थालिएको महतले बताए।

बङ्गुरको पाठा जन्मेको ४५ दिनपछि



माउबाट छुटाउन सकिने फार्मका कामदार कृष्ण बराइलीले बताए। माउबाट छुटाइसकेपछि बेच्न सकिन्छ। छिटो वृद्धि र विकास हुने भएपछि पछिल्लो समय उन्नत जातका पाठापाठी खरिद गरेर व्यावसायिक बङ्गुरपालन थालिएको हो। हाल रेन्ड्स, ड्युरो, योगसायर र हेमसायर गरी चार जातका बङ्गुर फार्ममा रहेका छन्। हाल पाठापाठीदेखि दुई सय किलोभन्दा बढीका बङ्गुर रहेका छन्।

उत्पादन बढे पनि उनको फार्मबाट सोचेजस्तो आम्दानी भने नभएको सञ्चालक महतको भनाइ छ। यहाँ उत्पादन भएको बङ्गुर लोकल बजारमा बिक्रीवितरण भइरहेको छैन-उनले भने- हेर्दा उस्तै देखिए पनि सुँगुर र बङ्गुरमा उपभोक्ताले खानमा सुँगुर नै रुचाउने भएकाले स्थानीय बजारमा यसको खपत कम हुन्छ। स्थानीय बजारमा बिक्री नभएको र बाहिरसमेत बङ्गुर बिक्री नभएपछि समस्या भएको महतको भनाइ छ। प्याकेजिङ गरेर बाहिर निर्याततर्फ पनि सरकारले उचित सहयोग गर्नुपर्ने किसानको माग छ।

सरकारले पछिल्लो समय कृषिमा अनुदानको कार्यक्रम ल्याए पनि बजारीकरणमा ध्यान दिन नसकेको उनको भनाइ छ। किसानले मेहनतका साथ उत्पादन गरेका कृषिउपज बिक्रीवितरणमा सरकारले सहजीकरण गरिदिनुपर्ने उनको माग छ।

लामो समय मेहनत गरेपछि मात्र बिक्रीवितरण गरेर आम्दानी लिन सकिने कृषि क्षेत्रमा सरकारले मोटो रकम विनियोजन गर्ने गरेको छ। तर, गर्नैपर्ने ठाउँ पर्याप्त गर्न नसक्दा किसानको गुनासो बढी रहेको छ।

कोरोनाकालको लकडाउन र कामको विकल्प खोज्ने युवाको रोजाइमा परेको कृषि पेशाप्रति उत्तिकै आकर्षण जाग्न थालेको युवाको भनाइ छ। तर, उत्पादन गरेको वस्तु बिक्री नहुँदा किसान चिन्तितसमेत भएका छन्। अनुदानसँगै उत्पादित वस्तुको बजारीकरणमा समेत स्थानीय सरकार लाग्नुपर्ने किसानको भनाइ छ।

## गठबन्धनको ...

गर्ने सहमति हुनसक्ने गठबन्धनमा सहभागी दलका नेताहरू बताउँछन्।

**नेतृत्वमा माओवादीको दाबी**

माओवादी अध्यक्ष दाहालले गत महिना पोखरामा पत्रकारहरूसँग कुरा गर्दै चुनाव पछिको सरकारबारे गठबन्धनमा कुनै छलफल नभएको बताएका थिए।

आफू प्रधानमन्त्री बन्न चाहेको भए यसअघि र चुनावअघि पनि हुनसक्ने भए पनि आफूले उक्त कुरालाई प्राथमिकता नदिएको दाबी उनले गरेका थिए।

आलोपालो प्रधानमन्त्री बन्ने सहमति भएको हो ? भन्ने पत्रकारको जिज्ञासामा दाहालले भने- को पहिला भन्ने नटुङ्गिएको भन्ने सत्य होइन। अहिले प्रधानमन्त्रीको कुरामा हाम्रो डिबेट (बहस) भएको पनि छैन र गर्नेमा पनि छैन- दाहालले भनेका थिए। चुनावपछिको कुरा कस्तो हुन्छ चुनावको परिणामले देखाउने कुरा पनि हुन्छ।

माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पनि निर्वाचनपछि सरकारको सम्भावनाबारे कुनै छलफल नभएको बताए। यसबारेमा कुनै सहमति भइसकेको छैन। सरकारको नेतृत्वमा हाम्रो स्वाभाविक दाबी रहन्छ। तर, जे हुन्छ सहमतिको आधारमा हुन्छ- श्रेष्ठले भने।

**कोइरालाको 'सपना'**

नेपाली कांग्रेसका पूर्व महामन्त्री शशाङ्क कोइरालाले आगामी सरकारको नेतृत्व आफूले दावी गर्ने बताएका छन्। गत साता नवलपुरबाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दर्ता गरेपछि कांग्रेस संस्थापक नेपा वीपी पुत्र शशाङ्कले चुनावपछि प्रधानमन्त्री बन्ने सपना देखेको बताए। प्रधानमन्त्रीको पदका लागि पनि मैले सोचेको छु- अहिले नै भन्न उपयुक्त नहुने भन्दै कोइरालाले पत्रकारहरूसँग भनेका थिए।

तपाईं प्रधानमन्त्रीको उम्मेदवार हो ? भन्ने प्रश्नमा उनले थपे- एक किसिमले उम्मेदवार नै हो। पहिले जित्नुपर्‍यो, पार्टीमा छलफल हुनुपर्‍यो। तर, कांग्रेस नेतृ चित्रलेखा यादवले चुनावपछि सरकारको नेतृत्वका विषमा पार्टीमा कुनै छलफल नभएको बताइन्।

यसबारेमा अहिले कुनै छलफल भएको छैन, पहिले चुनावको परिणाम आउन दिऊँ- यादवले भनिन्।

**एकीकृत समाजवादीका नेता के भन्छन् ?**

गठबन्धनको तेस्रो ठूलो साझेदार नेकपा एकीकृत समाजवादीका महासचिव बेदुराम भुसालले चुनावपछि सरकारको नेतृत्वबारे छलफलमा गठबन्धन प्रवेश नगरेको बताएका छन्।

चुनावपछि को प्रधानमन्त्री बन्ने, के गर्ने भन्नेमा केही पनि कुरा भएको छैन- भुसालले भने। सरकारको नेतृत्वमा तपाईंको दलको पनि दाबी हुन्छ ? भन्ने प्रश्नमा उनले चुनावपछिको स्थितिबारे हाम्रो पार्टीमा पनि केही छलफल नभएको बताएको बीबीसीले उल्लेख गरेको छ।

## चुनाव ...

लगाउने र सो बमोजिम नगरेमा निजलाई निर्वाचन आयोग ऐन-२०७३को दफा २३ को उपदफा (३) वा (४) बमोजिम जरिबाना गर्ने तथा उम्मेदवारी रद्द गर्ने कारबाही किन नगर्ने भनी स्पष्टीकरण सोधी कारबाहीको लागि सिफारिससाथ आयोगमा लेखी पठाउन पनि आयोगले निर्देशन दिएको छ।

आयोगले हाम्रो नेपाली पार्टीका विभिन्न उम्मेदवारले आफूलाई स्वतन्त्र उम्मेदवार भन्दै लौरो चिन्हबाट प्रचारप्रसार गरेको विषयमा स्पष्टीकरण सोधेको छ। ती उम्मेदवारले आफ्नो दलीय आबद्धता स्पष्ट नगरी आफू स्वतन्त्र उम्मेदवार रहेको भनी प्रचारप्रसार गरेको कार्यबाट निर्वाचनको स्वच्छता र निष्पक्षतालाई प्रभावित गर्ने र आम मतदाता समेतलाई भ्रमित गर्ने गरी आफूलाई स्वतन्त्र उम्मेदवार भनी सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गरेको कार्यबाट जानाजान प्रचलित निर्वाचन कानूनको उल्लंघन समेत भएको पाइएकाले २४ घण्टाभित्र स्पष्टीकरण पेश गर्न पत्राचार गरिएको छ।

प्रचारप्रसारका क्रममा आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ भने आयोगको सहमति लिनुपर्नेमा सहमति नलिई नयाँ कार्यक्रम सञ्चालन गर्ने, तलव सुविधा बढाउने, कर्मचारी नियुक्ति र सरुवा गर्ने निकायलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ।

## आज ...

कुटनीतिक नियोगमा राष्ट्रिय झण्डा झुकाउने निर्णय भएको पोखरेलले बताए। आइतबार जोशीलाई श्रद्धाञ्जली अर्पण गर्न जाँदा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले जोशीको निधनको शोकमा एक दिन सार्वजनिक बिदा दिने घोषणा गरेका थिए।


## राहदानी हरायो

दमकबाट गौरादह जाने क्रममा यही मिति २०७९।०५।१५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- दिनेश चापागाई
**ठेगाना**:- गौरादह-३, झापा
**राहदानी नं.**:- ०९५१५५५६

**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा**
**१ नं प्रदेश, नेपाल**

## दरभाउ पेश गर्ने बारेको सूचना

यस बिर्तामोड नगरपालिकाको आ.व.२०७९/०८० को लागि यसै पत्र साथ संलग्न छपाई तथा स्टेशनरी सम्बन्धी सामग्रीहरु खरिद गर्नुपर्ने भएकाले उक्त सामग्रीहरु तपाईको फर्मबाट के कति मूल्यमा उपलब्ध गराउन सकिन्छ, सोको दर रेट यसै साथ संलग्न फाराममा भरी मिति २०७९/०७/१८ गते शुक्रबारका दिन भित्र सूचीकृत फर्मले दर रेट पेश गर्नु हुन अनरोध छ।

साथै कार्यालयमा सूचीकृत नभएका फर्महरुले यस कार्यालयको एन.आई.सी.बैंक बिर्ताबजार शाखाको ग.१.१. आन्तरिक राजश्व खाता नं. 2462050028354002 मा सूचीकृत दस्तुर बापतको रकम रु. ५०० जम्मा गरी सोको भौचरसहित यस कार्यालयको E-mail ID: btmnp53@gmail.com मार्फत समेत आवेदन गर्न सकिने व्यहोरा अनुरोध छ। उक्त फाराम कार्यालयको Website-birtamodmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**बिनोदकुमार न्यौपानेः प्रमुख प्रशासकीय अधिकृत**
**बिर्तामोड नगरपालिका, झापा**

## Vacancy Announcement

Manakamana College one of the leading and expanding academic institutions of Birtamod, invites applications from highly motivated, qualified and experienced candidates for the following posts:

1. **Political Science** -1 No. for BA
2. **Accountancy** -1 No. for BBS
3. **Taxation** -1 No. for BBS

Contact: Kumar Thapaliya, Coordinator.
**Manakamana College, Birtamod, Jhapa**
**9852673677/9816902514 or**
**Email:manakamanabtm@gmail.com**
Note: You can contact in person before 15th Kartik, 2079

## कर्मचारी आवश्यकता

**यस कण कण चिया प्याकेजिङ उद्योगलाई निम्न अनुसारको कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।**

पदः **मेनेजर** - १ जना (**सम्बन्धित क्षेत्रमा अनुभवी**)
तलबः आपसी समझदारीमा।

**माँ भुवनेश्वरी इण्डष्ट्रिज प्रा.लि.**
बिर्तामोड, झापा (मो. ९८५२६४७७७७)
Email: kankantea07@gmail.com

## कर्मचारी आवश्यकता

**यस नयाँ उज्यालो बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-५ को लागि सहलेखापालको आवश्यकता भएकोले शिक्षा तथा कार्यालय व्यवस्थापन समितिको मिति २०७९।०६।२९ को निर्णय अनुसार इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।**

**तपशिल**

**१) आवश्यकताको बिवरण**

| क्र.सं. | विज्ञापन नं. | पद | स्थान | आवश्यक संख्या | छनौटको किसिम |
|---|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | सह लेखापाल | बिर्तामोड | १ | लिखित/प्रयोगात्मक र मौखिक |

२) **शैक्षिक योग्यता** : व्यवस्थापन बिषयमा प्रमाण-पत्र तह वा +२ पास
३) **अन्य योग्यता** : कम्प्युटरमा ज्ञान भएको, लाइसेन्स प्राप्त (मोटरसाइकल) र सहकारी क्षेत्रमा अनुभवी भएको।
४) **उमेरः** १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको।
५) **दरखास्त दिने मिति** : २०७९।०६।३१ देखि २०७९।०७।१८ गतेसम्म
६) **निबेदन फारम पाइने स्थान** : संस्थाको कार्यालय।
७) **निबेदन दस्तुरः** रु. १०००।०० (फिर्ता नहुने गरी)
८) **तलबसुबिधा** : संस्थाको नियम अनुसार आपसी समझदारीमा हुनेछ।
९) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत बिवरण, ३ प्रति फोटो र अनुभवको प्रमाण पत्रको प्रतिलिपि।
१०) **परीक्षा हुने मिति** : २०७९।०७।१९ गते लिखित परीक्षा बिहान ठीक १० बजेबाट र अन्तरवार्ता र प्रयोगात्मक परीक्षा सोही दिन नै हुनेछ।
११) सम्पर्क नं.: ०२३-५४५१८०, ९८४४६४२४०९, ९८१७९४६५८६

नोटः लिखित र प्रयोगात्मक परीक्षा उत्तीर्ण परीक्षार्थीलाई मात्र मौखिक परीक्षामा सामेल गराइने छ।

**नोटः लिखित परीक्षा १०० पूर्णाङ्क, प्रयोगात्मक परीक्षा २५ र मौखिक परीक्षा २५ पूर्णाङ्कको हुनेछ।**

**कार्यालय व्यवस्थापन तथा शिक्षा उपसमिति**
**नयाँ उज्यालो बचत तथा ऋण सहकारी संस्था लि.**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# एउटा युगको अन्त्य


नेपाली भाषा, साहित्य, संस्कृति, लोक कला तथा खोज अनुसन्धानका क्षेत्रमा सदा सक्रिय शताब्दी पुरुष सत्यमोहन जोशीको १०३ वर्षको उमेरमा निधन भएको छ । संस्कृतिविद् तथा वाङ्गमय शताब्दी पुरुषको समेत परिचय बनाएका जोशीले आफू जन्मिएको युगलाई मात्र होइन नेपाल तथा नेपाली भाषालाई समेत समृद्ध तुल्याएका छन् । त्यसबाहेक कला, इतिहास, नाटक तथा रंगमञ्चका क्षेत्रमा समेत अविश्रान्त साधक युगपुरुष जोशीको योगदान अनुपम छ र अतुलनीय पनि । यति लामो आयु पाउनु आफैंमा लोभलाग्दो उदाहरण हो भने त्यो भन्दा ठूलो कुरा हो स्वस्थ र सक्रिय जीवन भोगाइ । वाङ्गमय शताब्दी पुरुष जोशीले यी सबै अद्भूत क्षमता राखे जसको कारण उनी नेपाली जनमानसमा जीवन्त रहने छन् । कलाकार अरनिकोको विषयमा अध्ययन र खोज गरेका उनकै योगदानका कारण नेपालीको गौरवमा कलाकार अरनिको समेत जोडिन पुगेका छन् ।

नेपाली जनता र सरकारको समान सम्मान प्राप्त गर्न सक्ने एकमात्र स्रष्टा जोशीले नेपालको नोबेल पुरस्कार भनिने मदन पुरस्कार तीन पटक फरक–फरक कृति र विधाका लागि प्राप्त गरेका थिए । एउटै व्यक्तिले तीन पटक उही पुरस्कार प्राप्त गरेको ‘रेकर्ड’ बनाएका जोशी राजा महेन्द्रका समयमा स्थापित नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य सचिवसम्म भएका थिए । नागरिक स्तरबाट शताब्दी पुरुषका रुपमा सम्मान प्राप्त गरेका जोशी त्यस्ता एक भाग्यमानी व्यक्ति थिए जसको सम्मानमा तस्विरसहितको मुद्रा र हुलाक टिकट प्रकाशन भएको थियो । यी सबै सम्मान र पुरस्कार उनका बहुमुखी प्रतिभा, योगदान र क्रियाशीलताको परिणाम हो । जीवनकालमा फरक–फरक राजनीतिक प्रणालीलाई नजिकबाट अनुभूत गरेका र भोगेका जोशी कहिल्यै कुनै दल विशेषको भएनन् र दलीय संकीर्णताबाट सधैँ अछुतो रहे ।

नेपाल भाषा, नेपाली भाषा, साहित्य, संस्कृति तथा लोक कलाको उन्नयनमा समर्पित स्रष्टा जोशी अब भौतिक रुपले यस संसारमा छैनन् । अर्थात् अब उनी कुनै बौद्धिक, साहित्यिक एवम् सांस्कृतिक सभा–समारोहमा भेटिने छैनन् । तर, हिजोपर्यन्त उनले गरेका सत्कार्य र योगदानले उनी ध्रुवतारा सरह जाज्वल्यमान रहने छन् । उनको कर्म आउने पुस्ताका लागि समेत उदाहरणीय, अनुकरणीय र स्मरणीय हुने छन् । उनको सामाजिक योगदानको अथक, अविश्रान्त र अविच्छिन्न यात्रा हाम्रा लागि ऊर्जा र प्रेरणा बन्न सकोस् भन्दै हार्दिक श्रद्धा प्रकट गर्दछौं ।

## सन्दर्भ : ६७औं प्रहरी दिवस

### ‘प्रहरीको क्षमताले अन्तर्राष्ट्रिय प्रशंसा पाएको छ’



प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाल प्रहरीको कार्यसम्पादन क्षमताको अन्तर्राष्ट्रिय स्तरबाट पनि प्रंशसा हुने गरेको बताएका छन् ।

६७औं प्रहरी दिवसको अवसरमा प्रहरी प्रधान कार्यालय, नक्सालमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले सो कुरा बताएका हुन् । ‘नेपाल प्रहरीको कार्यसम्पादक क्षमताका देशिभत्रमात्र नभई बाहिर पनि प्रशंसा हुँदै आइरहेको छ’ -प्रहरी प्रधान कार्यालयमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै देउवाले भने ।

वर्तमान युग सूचना प्रविधिको युग भएको भन्दै प्रधानमन्त्री देउवाले समयसँगै परिवर्तन हुन प्रहरीलाई निर्देशन दिएका छन् । ‘आजको युग सूचना प्रविधिको युग हो । परम्परागत प्रविधिलाई समयको परिवर्तनसँगै सूचना प्रविधिमा अघि बढ्न सकेमात्रै अपेक्षित परिणाम हासिल हुनेछ । यसलाई मध्यनजर गर्दै अघि बढ्न निर्देशन दिन चाहन्छु ।’ -प्रधानमन्त्री देउवाले सम्बोधनको क्रममा भने ।

देउवाले स्थानीय तहको निर्वाचनमा शान्तिपूर्ण रुपमा समपन्न गर्नका लागि नेपाल प्रहरीको भूमिका महत्वपूर्ण भएको उल्लेख गर्दै आगामी मंसीर ४ को निर्वाचन शान्तिपूर्ण बनाउनका लागि कुनै कसर बाँकी नराख्नेमा आफू विश्वस्त भएको उनले बताए ।

### ‘अपराधीले पनि नयाँ विज्ञानको प्रयोग गर्न थाले, चनाखो रहनुस्‘

गृहमन्त्री बालकृष्ण खाणले संसारभर अपराधका नयाँ आयाम थपिएको भन्दै विज्ञान र प्रविधिमा जोड दिन आग्रह गरेका छन् ।

६७औं प्रहरी दिवसको अवसरमा प्रहरी प्रधान कार्यालय, नक्सालमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै गृहमन्त्री खाणले सो कुरा बताएका हुन् । ‘अहिले संसारभरि नै आपराधिक गतिविधिमा नयाँ आयाम थपिएको छ’ -कार्यक्रमलाई सम्बोधन गर्दै गृहमन्त्री खाणले भने- ‘नयाँ विज्ञानको प्रयोग अपराधीले पनि प्रयोग गरिरएको अवस्था छ । सुरक्षाकर्मीहरुले अपराध नियन्त्रणमा प्रयोग गर्दै आउनुभएको छ । चनाखो रहनुस् ।’

प्रहरी दिवसको अवसरमा शुभकामना दिँदै गृहमन्त्री खाणले नेपालमा नै अन्तर्राष्ट्रियस्तरको तालिम केन्द्र निर्माण गरेर अघि बढिएको उल्लेख गरे । ‘नेपाल प्रहरी जसले बलिदान गर्नुभएको छ उहाँहरुको परिवारको क्षमता अभिवृद्धि गर्नका लागि सरकार तत्पर छ ।

नेपाल प्रहरीका लागि पनौतीको प्रहरीको तालिम केन्द्र निर्माण भइसकेपछि अन्तर्राष्ट्रियस्तरको तालिम केन्द्र नेपालमा नै उपलब्ध गराउनेछ ।’ -गृहमन्त्री खाणले भने ।



उनले नेपाल प्रहरीलाई सबल र सुदृढ गर्नपर्ने बताउँदै आ-आफ्नो कार्यकालमा भएका कामहरुले देशले सो विषय सम्झिरहने दाबी गरे ।

नेपाल प्रहरीको क्षमता अभिवृद्धि गर्ने क्रममा नेपाल सरकार र गृह मन्त्रालय सधैँ अघि बढ्ने उनले प्रतिबद्धता जनाए । ‘गत वर्ष प्रधानमन्त्री देउवा कै निर्देशनमा प्रहरीमा साना तहका अधिकृतको विकासका लागि पदहरुको विकास गरेको छ । यसले प्रहरीको वृद्धि विकासमा महत्वपूर्ण काम गरेको छ ।’ -गृहमन्त्री खाणले भने ।

### ‘चुनौतिलाई अवसरमा बदल्न सक्षम प्रहरी आजको आवश्यकता’



**धिरज प्रताप सिंह**
**प्रहरी महानिरीक्षक – नेपाल प्रहरी**

विभिन्न जोखिमका बीच विषम् एवम् चुनौतिपूर्ण घडीमा आफ्नो कर्तव्य प्रति किञ्चित विचलित नभई अमर सपूतहरुले विभिन्न कालखण्डमा गर्नुभएको बलिदानीबाट नै नेपाल प्रहरीले आजको स्वरुप र आकार ग्रहण गर्न सकेको हो, हामीले नेपाल प्रहरीको सदस्य भएकोमा गौरव गर्न सकेका हौं । प्रहरी दिवसको दिन प्रातः स्मरणीय वीर अमर प्रहरीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आफ्ना प्रियजनलाई गुमाएर अपूरणीय क्षति व्यहोर्नु भएका अमर परिवारका समादरणीय परिवारजनमा संगठनको तर्फबाट गहिरो समवेदना प्रकट गर्दछु । कर्तव्य पालनाका क्रममा अस्वस्थ हुनुभएका प्रहरी कर्मचारीहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

दीर्घसेवा मार्फत संगठनको श्रीवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउनु भएका सेवानिवृत्त अग्रजहरुप्रति यसै अवसरमा कृतज्ञता व्यक्त गर्दछु । संगठनको गति र उन्नतिमा अग्रजहरुबाट सदा झैं अमूल्य सल्लाह, सुझाव प्राप्त भइरहने अपेक्षा गर्दछु । प्रहरी प्रति जनताको अपेक्षाको बढोत्तरीसँगै हर चुनौतिलाई अवसरमा बदल्न सक्षम प्रहरी आजको आवश्यकता हो । यो आवश्यकताको पूर्तिको लागि परम्परागत पद्धतिलाई अक्षुण्ण राख्दै प्रविधिसँग प्रभावकारी मिश्रण गरी छिटो, छरितो र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्नुपर्दछ ।

विकसित घटनाक्रमसँग अद्यावधिक भई त्यसको प्रभावबाट पर्नसक्ने असरहरुको पूर्वआँकलन गरी क्षतिलाई निस्तेज तथा न्यूनीकरण गर्नसक्ने गरी स्रोत-साधनबाट सुसज्जित प्रहरी र उच्चस्तरीय तालिम संगठनको प्राथमिकतामा रहेको छ । हामीले केही वर्षदेखि योजनाबद्ध भएर लक्ष्य निर्धारणसहितको कार्यसम्पादनमा केन्द्रित हुने प्रणालीको थालनी गरेका छौं । यसले उपलब्धिमा बढोत्तरी हुनुका साथै लक्ष्य प्राप्तिमा सकारात्मक संकेत देखाइसकेको छ । प्रहरी निवसको यस अवसरमा आपसी भाइचारालाई अक्षुण्ण राख्दै एकबद्ध भई राष्ट्र र नागरिकको सेवा गर्ने नेपाल प्रहरीलाई सुम्पिएको गहन जिम्मेवारी अझ व्यावसायिक एवम् दृढसंकल्पित भएर निर्वाह गर्ने प्रेरणा मिलोस् शुभकामना ।

# झापामा सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउन प्रतिबद्ध छु : *एसपी पोखरेल*



**विश्वमणि पोखरेल**
**प्रहरी उपरीक्षक – जिल्ला प्रहरी कार्यालय झापा**

विधिवत रुपमा नेपाल प्रहरी संगठन स्थापना भएको सुखद् अवसरमा देश र जनताको सेवामा समर्पित रही कर्तव्यको बलिवेदीमा प्राण उत्सर्ग गर्ने प्रात स्मरणीय वीर शहीद प्रहरीहरु प्रति जिल्ला प्रहरी कार्यालय झापा परिवारको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

राष्ट्र र नागरिकका सेवाका खातिर प्राण उत्सर्ग गरेका तमाम वीर सपुतहरुको कर्तव्यपरायणता र समर्पणभावले सत्य, न्याय र निष्ठाको पथमा हामीलाई निर्भीक र अविचलित भई अगाडि बढ्ने प्रेरणा दिएको छ । यही प्रेरणाले कर्म क्षेत्रमा थप कटिबद्ध रहन हामीलाई ऊर्जा मिलेको छ । चुनौतिसँग जुध्ने, अन्याय र अपराधलाई निर्मुल पार्ने सामर्थ्य बोकेको नेपाल प्रहरी संगठनको इतिहास आफैँमा गौरवमय रहेको छ । निष्ठावान सदस्यहरुको व्यावसायिक समर्पण भाव, निःस्वार्थ योगदानले नेपाल प्रहरीको छवि र गरिमालाई नयाँ उचाई प्रदान गरेको छ ।

कानूनको निष्पक्ष कार्यान्वयन सम्झौताविहीन बिषय हो, जसले न्याय र सुरक्षाको प्रत्याभूत गर्दछ । त्यस्तै गैर व्यावसायिक आचरण व्यवहार र कुनै पनि अपारदर्शी गतिविधि सह्य हुन नसक्ने पक्ष हुन् । यी पक्षहरुको अभावमा मात्र हाम्रा सेवाहरु जनमुखी, पारदर्शी र स्वच्छ हुनेछन् ।

विगतमा झैँ आगामी दिनमा समेत जिल्ला प्रहरी कार्यालय झापाका काम कारवाहीहरु जनमुखी, पारदर्शी र सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउने किसिमका रहने साथै प्रहरी काम कारबाहीलाई थप परिस्कृत बनाउँदै लैजाने प्रतिबद्धता समेत यस पावन घडीमा व्यक्त गर्न चाहन्छौँ । मानव अधिकारको संरक्षण, सम्मान र सम्बर्द्धन प्रति जिल्ला प्रहरी कार्यालय झापा लगायत सिंगो प्रहरी संगठन नै संवेदनशील रहेको र आगामी दिनमा समेत नागरिक अधिकारहरुको सम्मान एवम् संरक्षणलाई निरन्तरता दिँदै प्रहरी काम कारवाहीहरुमा उच्च व्यावसायिकता प्रदर्शन गर्ने प्रतिबद्धता यसै कार्यक्रम मार्फत निवेदन गर्न चाहन्छु ।

मुलतः अपराध नियन्त्रण र अनुसन्धानको जिम्मेवारी वहन गर्दै आएको यस संगठनको एकल प्रयासबाट मात्र समाजमा शान्ति-सुरक्षाको पूर्ण प्रत्याभूति हुन नसक्ने भएको हुँदा सार्वजनिक सुरक्षाको बहुआयामिक दायित्वमा नागरिक समाजको सद्भावपूर्ण सहभागिता र साझेदारिता अपरिहार्य रहेको हुन्छ ।

नेपाल प्रहरी समाजको एउटा सेवक र नागरिक समाजको अभिन्न अङ्गको रुपमा रहेको हुँदा समाजको सकृय सहयोग र सद्भाव बिना कहिल्यै पनि आफ्नो कार्यक्षेत्रमा सफलता पाउन सक्दैन । ६७औं प्रहरी दिवसको यस विशिष्ट अवसरमा यस यथार्थलाई हृदयगं गरी नागरिक प्रहरीको रुपमा सांगठनिक छवि विस्तारमा हामी हरदम प्रयत्न शिल रहने साथै नागरिक समाजको तर्फबाट समेत प्रहरी काम कारवाहीहरुमा सहयोग, सहकार्यको अधिकतम् अपेक्षा राखेको व्यहोरा निवेदन गर्दछु ।

नागरिक प्रहरीको सहकार्यबाट मात्रै सुरक्षित समाज निर्माण हुने र यसैको जगमा समाज एवम् देश समुन्नत तथा समृद्ध हुन सक्ने भएकोले नागरिक प्रहरी सहकार्य, साझेदारीको लागि यस्ता कार्यक्रम बिशेष अवसरको रुपमा रहने समेत हामीले विश्वास लिएको छौं ।

# चौबीस घण्टे सेवा, न बिदा न सुविधा

**झापा, असोज ३१।** दशैं र तिहार जस्ता पर्वमा सबै रमाइरहँदा नेपाल प्रहरी भने झन् बढी सजगताका साथ काममा खटिनुपर्छ । सार्वजनिक बिदा होस् वा पर्व उनीहरुका लागि जुनसुकै बेला काममा जाने मनस्थितिमा तयारी रहनुपर्छ । सबैले घर-घरमा पर्व मनाइरहँदा उनीहरु सडकमा जनता र देशका लागि सुरक्षा दिइरहेका हुन्छन् । यसरी खटिने प्रहरीले न शुक्रबारको आधा दिन मात्रै काम गरे पुग्छ, न बिदा र चाडपर्वमा अन्य कर्मचारीसरह बिदा पाउँछन् ।

यसो त अन्य समयमा पनि जुनसुकै बेला कामका लागि तयारी हुनुपर्दछ । परिवार सँगसँगै रहेर सेवा गर्ने मौका उनीहरुलाई कमै मात्र पाउँछन् । सरकार तलब भत्ता खुवाउने फौजी बाहेकका सबै कर्मचारीको भन्दा पृथक र कडाइका साथ उनीहरु खट्नुपर्छ । यसरी खट्दै गर्दा अन्यको भन्दा धेरै पारिश्रमिक पनि उनीहरुले पाउँदैनन् । थोरै पारिश्रमिकमा आफ्नो जीवनको उर्वर समय उनीहरुले राष्ट्रलाई दिइरहेका हुन्छन् । उनीहरुले पाउने पारिश्रमिक श्रमका आधारमा नगण्य हुने गर्दछ ।

घरपरिवारबाट टाढा रहेर रातदिन खट्ने प्रहरी जवानको पारिश्रमिक २६ हजार ८२ रुपैयाँ मात्रै रहेको छ । यो उनीहरुको परिश्रमको आधारमा न्यून हो । यही सङ्गठनले ६७औं स्थापना दिवस विविध कार्यक्रम आयोजना गरी मनाएको छ । जिल्ला प्रहरी कार्यालय चितवनमा कार्यरत प्रहरी सहायक हवल्दार भीमबहादुर लायोमगर निकै उत्साहका साथ दिवसलाई सफल बनाए । ‘हाम्रो लागि प्रहरी दिवस एउटा उत्सव हो । यसलाई रमाइलो गरेर मनाइयो ।’ -उनले भने ।

प्रहरी सङ्गठनभित्र काम गर्दा पाउने दुःखलाई बिर्सिएर उत्सवको रुपमा दिवस मनाउने गरेको उनले बताए । ‘२४ घण्टा कार्यक्षेत्रमा रहँदा हुने हरेक किसिमका समस्यालाई समाधान गर्ने बानी परेको छ,’ उनले भने।

जुनसुकै कामलाई पनि सकारात्मक रुपमा लिएर काम गर्दा सहज हुने उनको भनाइ छ । आफूले पाउने पारिश्रमिकको हिसाब नगरी कर्म क्षेत्रमा खटिने गरेको उनी बताउँछन् ।

‘बाहिर हेर्दा आहा भए पनि भित्र काममा हुने दुःख कसले बुझेको छ र’ -लायो मगरले भने- ‘न कुनै चाडपर्व, न कुनै समय सधैँ जनताको सेवामा लाग्नु पर्दा पाईने दुःखलाई बाहिरका कसले बुझ्ने ?’ जे भए पनि प्रहरी सङ्गठनमा लागेर जनता र राज्यको सेवा गर्न पाउनु खुशीको कुरा रहेको उनले बताए ।

त्यस्तै उत्साहित थिए प्रहरी सहायक हवल्दार



चिजकुमार श्रेष्ठ । उनी प्रहरी सेवामा लागेको १६ वर्ष भएछ । उनमा प्रहरी सङ्गठनप्रतिको माया उत्तिकै छ । ‘सङ्गठनले दिएको जिम्मेवारी हर हालतमा पूरा गर्छौं’ जस्तोसुकै दुःखमा पनि काम गर्ने बानी सङ्गठनले बनाइदिएको उनको भनाइ छ । प्रहरी सेवा भनेको नै कठिनभन्दा कठिन काम गर्नका लागि भएको उनले बताए । ‘प्रहरीमा प्रवेश गर्न शुरुवाती कठिन हुन्छ । त्यसपछि तालिम र कार्यक्षेत्रमा खटिँदा झनै कठिन हुन्छ ।’ -उनले भने । बाहिर देख्नेले सहज देखे पनि संगठनको नियम कानूनमा बसेर काम गर्न कठिन हुने उनले बताए । ‘चाड पर्ब, मेला, महोत्सव भन्ने कुरा सम्झने हो ।’ -उनको भनाइ छ ।

कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक विजयराज पण्डित अन्य क्षेत्रमा भन्दा फौजीको काम कठिन नै हुने बताउँछन् । यहाँ काम गर्दा पर्ने हरेक समस्यालाई सहजताका साथ लिन सके हरेक काम गर्न सकिने उनले बताए । कुनै पनि फौजमा बाहिर देखेभन्दा कठिन हुने उनको भनाइ छ । घाम-पानी, घर-परिवार नभनी देश र समाजको सुरक्षामा खटिनु गर्वको कुरा भए पनि यहाँ काम गर्दा आइपर्ने समस्या बाहिरकाले बुझ्न कठिन हुने उनले बताए । ‘२४ घण्टा कार्यक्षेत्रमा खटिनुपर्दा जटिल कति हुन्छ ?’ यसलाई उचित व्यवस्थापन गरेर अघि बढ्नुपर्ने उनको भनाइ छ । व्यवस्थापन गर्नसके प्रहरी पेसा राम्रो रहेको उनले बताए ।

कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नवराज अधिकारीले नेपाल प्रहरीले चाडपर्व, बिदा भन्न नपाउने बताउँछन् । अन्य कर्मचारी घरमा चाडपर्व मनाइरहँदा आफूहरु सडक वा ब्यारेकमा रहेर सेवामा जुट्नुपर्ने उनको भनाइ छ । ‘परिश्रमको आधारमा पारिश्रमिकलाई तुलना गर्न सकिँदैन’ -उनले भने । सरकारका अन्य कर्मचारीले दैनिक घडी हेरेर काम गर्न पाउने भए पनि प्रहरी जुनसुकै बेलामा पनि काममा खटिनुपर्ने उनको भनाइ छ । प्रहरी दिवसका अवसरमा प्रहरीको मनोबल बढाउनुपर्ने उनले बताए । थोरै जनशक्तिले धेरै काम गर्नुपर्ने बाध्यता आफूहरुसँग रहेको उनको भनाइ छ । - रासस

# झापामा सामाजिक तथा आर्थिक पुन: एकीकरण कार्यक्रम




**भद्रपुर, असोज ३१।** विदेशबाट फर्केर स्वदेशमै काम गर्ने वा व्यावसायिक हुने खोज्नेहरुलाई लक्षित गरी झापामा सामाजिक तथा आर्थिक पुन: एकीकरण कार्यक्रम सञ्चालन भइरहेको छ ।

कथा नेपाल नामक संस्थाले जिल्लाका चारवटा पालिकाहरुमा 'वेलकम होम' नामक सामाजिक तथा आर्थिक पुन: एकीकरण कार्यक्रम सञ्चालन गरिरहेको छ । कार्यक्रम शिवसताक्षी र मेचीनगर नगरपालिका तथा कमल र बुद्धशान्ति गाउँपालिकामा गत मेबाट सञ्चालन गरिएको कथा नेपालले जानकारी गराएको छ ।

सरकारले भर्खरै वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुन: एकीकरण (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ सार्वजनिक गरेको छ । यस कार्यक्रम अन्तर्गत मुख्य तीन वटा काम गर्ने सरकारको योजना छ । रोजगारीमा आवद्धता कार्यक्रम अन्तर्गत सरकारले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको सीप परीक्षण तथा प्रमाणीकरण गराई उनीहरुलाई रोजगारीमा लगाउन खोजेको छ ।

सीप परिक्षण तथा प्रमाणीकरणपश्चात् बजारको माग र व्यक्तिको क्षमता अनुरूप रोजगारीको व्यवस्था गर्न सहज हुने सरकारको बुझाई छ । त्यस्तै उद्यमशीलता प्रवर्द्धन अन्तर्गत सरकारले वैदेशिक रोजगारीका क्रममा : आर्जन गरेको पुँजी, ज्ञान, सीप, प्रविधि र अनुभवको सदुपयोग गर्दै वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई उद्यमी बनाउन खोजेको छ । यसको लागि सरकारले वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको वित्तीय साक्षरता र पहुँच बढाउन खोजेको छ ।

त्यस्तै सामाजिकीकरण कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीको सिलसिलामा लामो समय विदेशमा बसेर फर्कदा परिवार तथा समाजमा अन्तर्घुलन हुन समस्या परिरहेको विभिन्न अध्ययन अनुसन्धानले देखाएको छ । यही समस्यालाई हल गर्न सरकारले वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति र परिवारबीच मेलमिलाप गराई समाजमा पुन:स्थापित गराउन खोजेको छ । यसका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई मनोसामाजिक परामर्श दिइँदैछ । त्यसैगरी नेतृत्व विकास, सामाजिक सञ्जाल निर्माण तथा स्वयम्सेवक परिचालन कार्यक्रम सञ्चालन गर्ने सरकारको योजना छ ।

यी तीन वटै कार्यक्रमलाई अघि बढाउन सरकारले आप्रवासी विवरण तयार पार्दैछ । यो विवरणमा वैदेशिक रोजगारीबाट फर्किएकाहरुको व्यक्तिगत विवरण रहने छ । वैदेशिक रोजगारीको सिलसिलामा काम गरेको मुलुक र कामको प्रकृति, आर्जन गरेको ज्ञान, सीप, अनुभव पनि विवरणमा रहनेछ । यति मात्र होइन, यो प्रोफाइलमा देशभित्र रोजगारी गर्ने वा स्वरोजगार बन्ने भन्ने सम्बन्धमा रोजगारीबाट फर्किएका व्यक्तिको इच्छा, आवश्यकता, प्राथमिकता, योजना लगायतका विवरण पनि प्रोफाइलमा समावेश हुनेछ ।

यो कार्यक्रम लागू गर्ने मुख्य जिम्मा स्थानीय निकायको हो । अब हरेक स्थानीय निकायले आप्रवासी प्रोफाइल तयार पार्ने छन् । स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रले यस सम्बन्धी सूचना तथा परामर्श उपलब्ध गराउने छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) का नेशनल प्रोजेक्ट को-अर्डिनेटर ताराप्रसाद बहडियाले चारवटा नतिजा आउनेगरी सिंगो झापा जिल्लालाई कार्यक्षेत्र बनाएर हाल चार वटा पालिकाहरुमा वेलकम होम कार्यक्रम सञ्चालन भइरहेको बताए ।

स्थानीय तहलाई जिम्मेवार बनाउँदै वैदेशिक रोजगारीबाट फर्केकाहरुलाई समाजमा पुनर्स्थापित गराउनका लागि पब्लिक प्राइभेट डाइलग, तथ्यांक संकलन, पुन: एकीकरणको नीति निर्माण, कमिटी गठन, करिअर काउन्सिलिङ, क्षमता विकासजस्ता कार्यक्रम सञ्चालन भइरहेको उनले जानकारी दिए । करिब एक हजार पाँच सय जनाको व्यक्तिगत विवरण संकलन गर्ने लक्ष्य राखिएको बताउँदै उनले आठ सय ६० जनालाई तालिम दिने योजना अनुसार हालसम्म सयजनालाई तालिम प्रदान गरिएको जानकारी दिए ।

कार्यक्रममा विभिन्न रोजगारदाता संस्थाहरु पनि संलग्न रहेको बहडियाको भनाइ छ । सोही परियोजनामा सहकार्य गर्दै आएको पौरखी नेपालकी मन्जु गुरुङले 'म को हुँ ? विदेशबाट के लिएर आएँ ? समाजमा के गर्न सक्छु ? जस्ता विषयमा उनीहरुलाई करिअर काउन्सिलिङ गर्ने गरिएको बताइन् । चार वटा पालिकामा विदेशबाट फर्केकाहरुको विवरण संकलन गर्ने कार्य भइरहेको उनले बताइन् । पालिकाहरुमा रहेका रोजगार संयोजकहरुलाई केही दिनअघि तालिम दिइएको उनले जानकारी दिइन् ।

कार्यक्रमको प्रमुख आतिथ्य गर्दै भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेलले वैदेशिक रोजगारको क्षेत्रमा आफ्नो नगरपालिकाले गरिरहेको प्रयासका बारेमा जानकारी दिए । प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले नेपालमा गरिबी र वेरोजगार समस्याका कारण अर्थतन्त्र धान्नका लागि वैदेशिक राजगारीमा जानुपर्ने बाध्यता रहेको बताउँदै यसलाई अपरिहार्यताको रुपमा लिनु दुर्भाग्य भएको धारणा राखे ।

कार्यक्रममा भद्रपुर नगरपालिकाका नगर उपप्रमुख राधा कार्की, कथा नेपालकी शिवानी भट्टराईले पनि बोलेका थिए । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका डिएसपी बसन्त पाठक, सशस्त्र प्रहरी बल २ नं. गणका डिएसपी चिरन्जीवि प्रसाई लगायतको उपस्थिति रहेको थियो ।

# बिर्तामोडका डिएसपीलाई उत्कृष्ट प्रहरी अनुसन्धानकर्ता पुरस्कार



**बिर्तामोड, असोज ३१।** इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी नायव उपरीक्षक रुगमबहादुर कुँवरलाई उत्कृष्ट अनुसन्धानकर्ताको रूपमा पुरस्कृत भएका छन् ।

६७औं प्रहरी दिवसको अवसरमा प्रहरी प्रधान कार्यालयले देशभरमा भएका प्रहरी अधिकृतहरुको अनुसन्धान कार्यसम्पादन लगायतका विषयलाई अध्ययन गरेर डीएसपी कुँवरलाई पुरस्कृत गरेको हो । प्रहरी प्रधान कार्यालयले कुँवरलाई प्रदान गरेको पुरस्कार प्रहरी महानिरीक्षक धिरजप्रताप सिंहले प्रदान गरेका हुन् ।

उनले अर्जुनधारामा भारतीय नागरिकको हत्यामा संलग्न आरोपीलाई अनुसन्धानको दायरामा ल्याएका थिए । उनलाई प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) उत्तम सुवेदीको समितिले उत्कृष्ट अनुसन्धानकर्ताको रुपमा पुरस्कृत गर्न लागेको हो ।

कुँवरले संखुवासभाको एकै परिवारका पाँच जनाको हत्यामा संलग्न आरोपीलाई समेत पत्ता लगाएका थिए ।

कुँवरले नेपाल प्रहरीको पेसागत मर्यादालाई आत्मसात गर्दै सुरक्षित समाज निर्माणको लक्ष्य प्राप्तिमा कुशल व्यवसायिक क्षमता प्रदर्शन गरी अपराध अनुसन्धानको क्षेत्रमा उत्कृष्ट काम गरेको भनिएको छ ।

# शहरी क्षेत्रको जनसंख्या बृद्धि

**झापा, असोज ३१।** नेपालको शहरी क्षेत्रको जनसंख्या ६६.०८ प्रतिशत पुगेको छ ।

जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क अनुसार शहरी क्षेत्रमा बसोवास गर्नेको जनसंख्या २०६८ को जनगणनाको परिणामभन्दा बढेको शहरी विकास मन्त्रालयका सहसचिव रामचन्द्र दङ्गालले जानकारी दिए । २०६८ सालमा शहरी क्षेत्रको जनसंख्या ६३.१९ प्रतिशत थियो । त्यसबेला ग्रामीण भेगको जनसंख्या ३६.८१ प्रतिशत थियो ।

संयुक्त राष्ट्र सङ्घीय मानव बसोवास कार्यक्रम (यूएन ह्याविट्याट)ले यसै महिना प्रकाशित गरेको विश्व शहरी प्रतिवेदन २०२२ मा उल्लेख भए अनुसार शहरीकरणको प्रक्रिया विकसित राष्ट्रमा धेरै देखिएको छ । ती देशमा कुल जनसंख्याको ७९ प्रतिशत मानिस शहरी क्षेत्रमा बस्दछन् ।

यो दरले निरन्तरता पाए विकसित देशमा सन् २०५० सम्म शहरी क्षेत्रको जनसंख्या ८७ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ ।

सन् २०२० देखि २०२५ सम्म विकसित देशको जनसंख्या वृद्धि दर ०.४६ प्रतिशत रहने अनुमान पनि प्रतिवेदनमा गरिएको छ । सन् २०३० देखि २०३५ भित्र विकसित देशमा शहरी क्षेत्रको जनसंख्या ०.४० प्रतिशत पुग्ने पनि जनाइएको छ ।

अक्टोबर महिनाको पहिलो सोमबार मनाइने विश्व बसोवास दिवसका अवसरमा कार्यक्रमले यस्तो प्रतिवेदन सार्वजनिक गर्ने गरेको हो । संयुक्त राष्ट्र सङ्घीय मानव बसोवास कार्यक्रम (यूएन ह्याविट्याट) को आह्वानमा सबैका लागि उपयुक्त आवास सुनिश्चित गर्दै दिगो शहरी विकास प्रवर्द्धन गर्ने मूल उद्देश्यले विश्वव्यापी रुपमा यो दिवस मनाउन थालिएको हो । राष्ट्र सङ्घले सन् १९८६ देखि अक्टोबर महिनाको पहिलो सोमबार यो दिवस मनाउन थालेको थियो ।

नेपालमा पनि सन् २००१ देखि यो दिवस मनाइन्छ । अक्टोबर महिनाको पहिलो सोमबार बडा दशैंको महाअष्टमी परेकाले तेस्रो सोमबार 'समावेशी शहरबस्तीको आवश्यकता : सबैको साझा प्रतिबद्धता' भन्ने नाराका साथ नेपालमा विश्व बसोवास दिवस २०७९ विविध कार्यक्रम आयोजना गरी मनाइएको मन्त्रालयले जनाएको छ । दिगो विकास लक्ष्यको लक्ष्य ११ ले समावेशी तथा दिगो शहरीकरण गर्ने लक्ष्य लिएको छ । प्रस्तुत गर्ने कार्यक्रम रहेको जनाइएको छ ।


पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा
– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



9825927477 / 9806090781
9849504771 / 9842695884
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

के तपाईको Class 12 मा NG (Non-Graded) आयो ?
अनुभवी तथा मेहनती शिक्षक/शिक्षिकाबाट अध्यापन गराइने
Science, Management, Humanities, Education
सबै संकायका
कक्षा १२ को छ ओटै विषयका कोचिङ् कक्षाहरु पास गराउने नै उद्देश्यले संचालित छन् ।
Special Tuition Class: Account, English, Maths, Physics, Chemistry
विगतका वर्षहरुमा अत्याधिक विद्यार्थीहरु पास गराउन सफल
सम्पर्क
पाइथागोरस एजुकेशन फाउण्डेशन
अतिथिसदन रोड, बिर्तामोड, झापा
023-544975 9804988534

छापाखाना
क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५४०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४



THAKUR POLYCLINIC
यहि कार्तिक ०५ गते, शनिबारका दिन बिहान ८:०० देखि ०१:०० बजे सम्म
सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र काठमाण्डौंका वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा
अब बिर्तामोडमा
डा. रविन्द्र सिमखडा
MD (Internal Medicine)/DM (Cardiology)
के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?
- रक्तचाप बढ्ने
- मुटुको ढुकढुकी बढ्ने
- श्वाश फुल्ने
- उकालो चढ्न नसक्ने
- बाथ
- मुटुको चालमा गडवड
- मुटुको बाथ
- छाति दुख्ने
- राति निद्रा नलाग्ने
- मधुमेह
- थाईराईड
अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977)023-590008
(+977)9817964771

ताप्लेजुङ-पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना
जग ध्वज थेवेको नाती, लाल ध्वज थेवेको छोरा १ नं. प्रदेश ईलाम जिल्ला सन्दकपुर गाउँपालिका वडा नं. ०५ बस्ने जयबहादुर लिम्बू भनिने जयबहादुर थेवेले यस इलाम शाखामा खाता नं. २१११५२४०३००४२४ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७८-१२-०९ मा निज खातावाला जय बहादुर थेवेको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने तेजकुमार थेवेले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक जयबहादुर थेवेको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने व्होरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।
नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बर : ०२७-५२१७२४
फ्याक्स : ०२७-५२१७३१

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना
पदमबहादुर राईको नातीनी, पहल मान राईको छोरी १ नं. प्रदेश इलाम जिल्ला इलाम नगरपालिका वडा नं. ०३ बस्ने गम्वीरी राईनी भनिने गम्विर माया राईले यस इलाम शाखामा खाता नं. २१११५२४०३००२१३ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७७-१२-११ मा निज खातावाला गम्विर माया राई को निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकमपाउँ भनी निज मृतकको छोरा नाता पर्ने देवकुमार राईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक गम्विर माया राईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने व्होरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।
नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बर : ०२७-५२१७२४
फ्याक्स : ०२७-५२१७३१

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुर्‍याउनुहोला, तपाईलाई आज घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** तपाईले सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभका साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बोल्दा विचार पुर्‍याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।